त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

## सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय तेश्रो वर्ष छैठौं शत्र-२०७२ समूह र चौथो वर्ष आठौं शत्र-२०७१ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अनुसार २०७५ सालमा संचालन हुने चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय **तेश्रो वर्ष छैठौं शत्र-२०७२ समूह र चौथो वर्ष आठौं शत्र-२०७१ समूहको** नियमित र सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक परीक्षाको लागि परीक्षा आवेदन फाराम २०७५ साल मंसिर १४ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०७५ साल मंसिर १८ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्नेछ ।

### १. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :

#### (क) कोटा, सेवा शुल्क र सम्बन्धन शुल्क बारे :

- स्वीकृत कोटाको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।
- कोटा भन्दा वढि विद्यार्थीको फाराम नपठाउने ।
- सम्बन्धन प्राप्त कलेजहरुले प्रत्येक वर्ष वुझाउनु पर्ने प्रति विद्यार्थीको एक महिना वरावरको शुल्क रकम सेवा शुल्क वापत योजना माहाशाखा, त्रि.वि. कीर्तिपुरमा वुझाएको प्रमाण फाराम साथै पठाउनु पर्नेछ ।
- सम्बन्धन शुल्क वुझाएको प्रमाण फाराम साथै पठाउनु पर्ने छ ।

#### (ख) परीक्षार्थीको हाजिरी आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे :

- परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
- आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आवेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टा छुट्टै नामावली पनि पठाउनु पर्नेछ ।
- आन्तरिक मूल्यांकन नभएका विद्यार्थीको फाराम फिर्ता पठाईने भएकोले अनिवार्य रुपमा आन्तरिक मूल्यांकन पठाउनु पर्नेछ ।
- आन्तरिक मूल्यांकन उत्तीर्ण नगरेका विद्यार्थीहरुको परीक्षा फाराम नपठाउने ।
- परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise-data) परीक्षा आवेदन फाराम साथ पठाउनु पर्नेछ ।

२. **परीक्षा शुल्क** :

| | |
|---|---|
| क) प्रति शत्र परीक्षा शुल्क पुरा | १,०००।- |
| ख) प्रति शत्र परीक्षा शुल्क आंशिक | १,०००।- |
| ग) Extra Elective प्रति विषय | १,०००।- |

३. **विलम्ब शुल्क** :

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. १,०००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा** :

सम्वन्धित क्याम्पस / कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लि.को चल्ती हिसाव नं.०४५००१०००९९१०७००००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र : पछि तोकिने छ ।**

द्रष्टव्य :-

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।

* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।

* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

नोट :-

**कुनै पनि परीक्षार्थीले आफूले अध्ययन गरेको नियमित सेमेष्टरको परीक्षाको परीक्षा फाराम नभरी बिचमा छाडी अर्को सेमेष्टरको परीक्षा फाराम भरी परीक्षा दिएको पाईएमा त्यस्ता परीक्षार्थीको परीक्षा स्वतः रद्द हुनेछ । सो को जिम्मेवार निज विद्यार्थी, क्याम्पस तथा कलेज स्वयं हुनेछन् ।**

२०७५।०७।१५

सहायक डीन